# दलित भूमिहीनता र संविधान कार्यान्वयनको सवाल

CSRC
आत्मनिर्भर केन्द्र

# दलित भूमिहीनता र संविधान कार्यान्वयनको सवाल

## एक जरूरी वकालत

*(यो सामाग्री सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका लागि विश्वभक्त दुलाल (आहुति) र गणेश बिकेद्वारा तयार पारिएको हो। छपाईको लागि केयर नेपालबाट सहयोग प्राप्त भएको छ।)*



## १. परिचय

नेपाली समाजमा भूमिमाथि स्वामित्वको सवाल भनेको व्यक्ति, परिवार र समुदायको राजनीतिक, आर्थिक र सामाजिक हैसियत निर्माणको मुख्य स्रोत रहँदै आयो । तर कुल जनसङ्ख्याको १३ प्रतिशतभन्दा बढी जनसङ्ख्या ओगटेको दलित समुदाय भने भूमि अधिकारबाट आधारभूतरूपमा वञ्चित छ । आजको आधुनिक युगमा नेपालमा भएका पटक-पटकका राजनीतिक तथा आर्थिक परिवर्तनमा भएका फेरबदल र दर्जनौँ कानुनी व्यवस्थाका बाबजुद दलित भूमिहीनताको अवस्था कहालीलाग्दो स्तरमा ज्युँका त्युँ कायम छ । तथ्याङ्कहरूले स्पष्ट देखाएका छन्- पहाडी क्षेत्रमा २३ प्रतिशत पूर्णरूपमा भूमिहीन छन् भने ९० प्रतिशत दलितसँग जीविकोपार्जन गर्न पुग्ने जमिन छैन (आहुति २०६०) र २ रोपनीभन्दा कम जमिन भएकालाई कृषि भूमिहीनका रूपमा हेर्दा भूमिहीनताको सङ्ख्या ७७ प्रतिशत पुग्छ । त्यसैगरी तराई क्षेत्रमा ४४ प्रतिशत दलित पूर्णरूपमा भूमिहीन छन् । भएको जमिनबाट जीविकोपार्जन गर्न नपुग्ने दलितको जनसङ्ख्या तराईमा ९० प्रतिशत देखिन्छ (शर्मा २०५७) ।

२० वर्ष पुरानो यस तथ्याङ्कमा अहिले पनि खासै परिवर्तन आएको देखिँदैन । किनभने सन् २०१२ मा भएको अध्ययनले पनि पहाडका दलितमध्ये ४८.८ र तराईका दलितमध्ये ८८.२ प्रतिशत भूमि स्वामित्वका हिसाबले राष्ट्रिय औसतभन्दा तल भएको स्पष्ट देखिएको छ । (गुरुङ सुवाल, प्रधान र तामाङ २०१२) ।

यसप्रकारको भूमिमा स्वामित्व नहुनाले दलित समुदायको समग्र प्रगति अवरुद्ध हंदै आएको स्पष्टै छ । र, यसरी जनसङ्ख्याको ठूलो हिस्सा दलित समुदाय अगाडि बढ्न नसक्ने अवस्थाले सिङ्गै नेपाली समाज अगाडि बढ्न नसक्नुको एउटा मुख्य कारण पनि दलित भूमिहीनता बन्न पुगेका सजिलै बुझ्न सकिन्छ । त्यसैले दलित भूमिहीनताको अवस्था दलित समुदायको प्रगतिको सवालसँग त सजिलै गाँसिएको छ नै, राष्ट्रिय प्रगतिसँग पनि यो सवाल अभिन्नरूपमा सम्बन्धित हुन पुगेको छ । विषयको यही गम्भीरतालाई ध्यान दिएर नै नेपालको दलित आन्दोलन, भूमि अधिकारकर्मी र तत्कालीन केही पार्टीले भूमिहीन दलितलाई राज्यले जीविकोपार्जन गर्न पुग्ने जमिन दिनुपर्ने माग उठाउँदै आएका थिए । त्यो माग पहिलो संविधान सभा हुँदै दोस्रो संविधान सभामा समेत जोडदाररूपमा उठ्न पुगेकाले नेपालको संविधान २०७२ को मौलिक हकअन्तर्गत दलितको हकको धारा ४०(५) मा राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम एक पटक जमिन उपलब्ध गराउनुपर्ने र धारा ४०(६) मा राज्यले आवासबिहीन दलितलाई कानुनबामेजिम बसोबासको व्यवस्था गर्ने

स्पष्ट किटान हुन पुगेको छ । नेपालको संविधानको मौलिक हकमा किटान गरिएको यस व्यवस्था हेर्ने हो भने यो निकै नै उपलब्धिपूर्ण मान्नुपर्ने हुन्छ । तर त्यो धारा निर्माण गर्दा भएका सङ्घर्ष, षड्यन्त्र र संविधान कार्यान्वयनको आजको चरणसम्म आइपुग्दा राज्यले यस विषयमा देखाएको अग्रसरता हेर्दा न्यायप्रेमी सबै गम्भीर हुनुपर्ने अवस्था आएको छ ।

पहिलो, संविधान निर्माणको निर्णायक चरणमा यो र यस्ता दलितसम्बन्धी व्यवस्था हुन नदिन ठूलो षड्यन्त्र र प्रतिसङ्घर्ष भएको थियो (आहुति २०७०) । अन्त्यमा बल्लतल्ल कानुनबमोजिम भन्ने प्रतिबन्धात्मक वाक्यांश थपेर यी दुई बुँदा समावेश भएका थिए । मौलिक हकलाई कानुनबमोजिम भनी तोक्नै नपर्ने विषयलाई समेत 'कानुनबमोजिम' थपेर यो व्यवस्था गरिएकाले कानुन बनाउँदा यो विषयलाई तोडमोड गर्ने वा विकृत पार्ने सम्भावना टड्कारोरूपमा बाँकी छ ।

दोस्रो, संविधान कार्यान्वयनको चरणले स्पष्ट गति लिइसक्दा समेत यस विषयको कानुन निर्माणको औपचारिक प्रक्रिया राज्यले सुरु गरेको छैन । अझ सरोकारवालासँगको अन्तरक्रियामा समेत प्रवेश गरेको छैन । राज्यको यसप्रकारको रबैयाबाट झस्किनुपर्ने अवस्था उत्पन्न भएको छ । किनभने कानुन नै नबनाउने वा वर्षौं वर्ष कानुन बनाउने प्रक्रिया लम्बाएर संविधानको गति नै लागु हुन नदिने दुःखदायी अवस्था पनि आइ नपर्ला भन्न सकिने स्थिति छैन ।

तेस्रो, कानुन बनाइहाल्दा पनि दलितलाई राज्यले जमिन दिने भनेको आवासका लागि हो भन्ने अर्थ लाग्नेगरी बनाउने खतरा सबैभन्दा बढी छ । जबकि संविधानको गति भनेको जीविकोपार्जनका निम्ति जमिन दिने हो । जमिन जीविकोपार्जनका लागि दिने भएका कारणले गर्दा आवाससम्बन्धी विषय संविधानमा बेग्लै बुँदामा राखिएको स्पष्टै छ । जीविकोपार्जन गर्न पुग्ने जमिन दिने संविधानको भावनालाई खुम्च्याएर कानुनमा बसोबासका निम्ति जमिन दिनेमा सीमित पारियो भने दलितसम्बन्धी विषयमा राज्यले प्रतिक्रान्ति गरेको ठहर्नेछ । त्यो ठूलो बेइमानी र धोका हुनेछ ।

यसप्रकारका नकारात्मक सम्भावना टड्कारो भएकाले दलित भूमिहीनता समाधान गर्ने संवैधानिक व्यवस्थालाई सही प्रकारले लागु हुने अवस्थामा पुऱ्याउन छिटोभन्दा छिटो त्यससम्बन्धी कानुन बनाउन, कानुनमा संविधानको भावना तोडमोड हुन नदिन देशव्यापीरूपमा वकालत अभियान र आवश्यकताअनुसार सङ्घर्षका कार्यक्रमहरू अगाडि बढाउन जरुरी भइसकेको छ ।

## २. नेपालमा भूस्वामित्वको अर्थ : हिजो र आज

आज नेपाली समाज मूलतः पुँजीवादी बन्न पुगेको छ। तर यहाँसम्म आइपुग्न नेपाली समाजले दुई हजार वर्षभन्दा लामो सामन्तवादी युग पार गरेको छ। सामन्तवादी समाजमा मुख्य उत्पादनको साधन जमिन हुने भएकाले जुन तरिकाले भए पनि जसले जमिन आफ्नो बढी बनायो त्यही व्यक्ति, समूह वा समुदाय शासक बन्दै आयो। आर्थिक, राजनीतिक सामाजिक हैसियत निर्माणको मुख्य कडीका रूपमा जमिनमाथिको स्वामित्वले भूमिका खेल्दै आयो। आजको नेपाली समाजमा राजनीतिक/आर्थिकलगायत हिसाबमा प्रभावशाली बन्न पुगेका व्यक्तिहरूको मूल कारण उनीहरूको परिवारसँग भएको जमिन नै हो भन्ने सहजै बुझ्न सकिन्छ।

नेपाली सामन्तवादी समाजभित्रबाट पुँजीवादी समाज विकास हुँदै जाँदा पनि व्यक्तिको प्रगतिका निम्ति जमिनले महत्वपूर्ण भूमिका खेल्दै आयो। सामन्तवादी समाज टुट्दै जाँदा जमिन व्यक्तिको नहुने, प्राकृतिक निःशुल्क उपहार भएकाले त्यो राज्यको हुने र व्यक्तिले उपभोगमात्र गर्न पाउने नीतिसम्म नेपालको राज्य माथि उठेको हुन्थ्यो भने जमिन किनबेच हुने माल (ऋयफयमष्तथ) बन्दैनथ्यो। तर नेपाली समाज सामन्तवादबाट पुँजीवादतिर अगाडि बढ्दा जमिन व्यक्तिको हुने र किनबेच गर्न सक्ने गरी मालका रूपमा लिने खतरनाक दिशामा नेपालको राज्य व्यवस्थाले नीति बनायो। यस्तो गलत नीति राज्यले अख्तियार गर्नुको मूल कारण नेपालमा पुँजीवादी क्रान्ति नहुनु हो। पुँजीवादी क्रान्ति हुन्थ्यो भने प्रगतिशील पुँजीपति वर्ग सत्तामा हुन्थ्यो। र, उसले उद्योगधन्दा र वस्तुहरूको व्यापारबाट पुँजी निर्माण गर्थ्यो। प्रगतिशील पुँजीपति वर्ग जमिनबाट निर्मित हुँदैनथ्यो। ऊ सामन्त वर्ग विरोधी हुन्थ्यो। र, जमिनलाई उसले राज्यको सम्पत्तिअन्तर्गत ल्याउँथ्यो।

नेपालमा पुँजीवादी क्रान्ति नभई समाज पुँजीवादतिर घिस्रिँदै घिस्रिँदै अगाडि बढेका कारण हिजोदेखि जमिन कब्जा गरेर बसेकाहरू नै पुँजीपति बन्ने क्रम अघि बढ्यो। पुँजीपति बन्न चाहने हिजोका सामन्तसँग माल (अयफयमष्तथ) बनाउनका लागि त्यही जमिन थियो। त्यसकारण राज्यले सामन्त वर्गको जमिनलाई पनि बिक्रीको वस्तु (माल) बनाउने नीति लिन पुग्यो। त्यसपछि हिजोको सामन्तवादी समाजमा जमिन बिर्ता, जागिर, अंश, दान आदिका रूपमा बाँडिन्थ्यो। समाज पुँजीवादतिर अगाडि बढ्दा नगदमा जमिन किनबेच गर्न थालियो। यसरी हिजोका सामन्त वा ताल्सिङहरू जग्गा बेच्दै पुँजीपति बन्ने शृङ्खला चल्यो। यसरी नेपालको पुँजीवादी समाज निर्माणमा समेत जमिनमाथि स्वामित्वको विषयले महत्वपूर्ण भूमिका खेलेको प्रष्ट देखिन्छ।

नेपालमा अहिले जमिन निजी हुने र बेचविखन हुने नीतिका कारण पुँजी निर्माणमा अहिले पनि जमिनले गम्भीर भूमिका खेलिरहेकै छ। सहरी क्षेत्रहरूमा त जमिन सबैभन्दा ठूलो व्यापारको विषय बनिरहेको छ। ग्रामीण क्षेत्रमा भने जमिनले जीवन निर्वाहका निम्ति निर्णायक भूमिका खेल्न क्रमशः छाडदैछ। बरु जमिनले सहायक भूमिकामात्र खेल्न थालेको छ। कृषिको व्यवसायीकरण तथा यान्त्रिकीकरणको अभावले गर्दा हिजोको जीविकोपार्जन गर्न पुग्ने जमिनले आजको जीवन नचल्ने हुन पुगेको छ। वैज्ञानिक खेती प्रणाली र व्यवसायीकरणमा नलगिएको अवस्थामा अब टुक्रे जमिनले कुनै पनि परिवारको समग्र जीविका वा प्रगति नहुने पक्का भइसकेको छ।

समाजको सबैभन्दा पिँधमा रहेको भूमिहीन दलितलगायतका जनताको हकमा पनि यो कुरा लागु हुन्छ। वैज्ञानिक खेती प्रणाली र व्यवसायीकरणको अभावमा अहिले खेती गर्ने जमिन भएका परिवारहरूलाई के खेतीपातीले जीवन निर्वाह गर्न र प्रगतिको निम्ति मुख्य फाइदा पुऱ्याएको छ ? यस्तो परिवारलाई जीविका गर्न सहयोग गरेको छ तर प्रगति गर्न अन्य व्यवसायमा अनिवार्यरूपमा जानुपर्ने अवस्था छ। त्यसैले भूमिहीन दलितहरूले हिजोको हिसाबको जीविकोपार्जन गर्न पुग्ने जमिन पाउँदा पनि पूर्णरूपमा जीविका नचल्ने, सहयोगसम्म पुग्ने बरु प्रगति नै गर्न सिप र व्यवसायतिर जानैपर्ने अनिवार्यता छ। प्रगतिका निम्ति आधुनिक शिक्षा, सिप र व्यवसायतिर जान जमिनले दलितलाई एउटा आधारका रूपमा काममात्र गर्न सक्ने आजको युग हो भन्ने यथार्थलाई पनि अब गम्भीरतापूर्वक आत्मसात गर्नैपर्छ।

## ३. नेपालमा भूस्वामित्वको स्वरूप : ऐतिहासिक शृङ्खला

**३.१.** आजको पुँजीवादी समाजमा सामन्त भनेको एउटा नकारात्मक बिम्बका रूपमा बुझ्ने आमचलन बनिसकेको छ। तर सामन्तवादी युगमा सामन्त भनेको एउटा प्रतिष्ठित विषय थियो। भनिन्छ- राजा अंशुबर्माले आफूलाई महासामन्त नै घोषणा गरेका थिए अर्थात उनी सामन्तहरूका पनि सामन्त थिए। जति ठूलो राजा त्यति धेरै जमिनको मालिक हुने करिब दुई हजार वर्षभन्दा लामो सामन्ती युग हुँदै नेपाली समाज आजको अवस्थामा आइपुग्यो। पृथ्वीनारायण शाहको नेतृत्वमा गोरखा राज्य विस्तारसँगै आजको नेपाल देश बन्नुभन्दा पहिले परिचय नेपालका बाइसे/चौबीसे राज्यहरू वाग्मती उपत्यकाका राज्यहरू, मुस्ताङ, तेमाल, मकवानपुर, चौदण्डी, विजयपुर तथा मातहतका विभिन्न किराँत एवं लिम्बु राज्यहरू र तराई क्षेत्र सामन्तवादी समाजका रूपमा नै थिए।

पश्चिम डोटीदेखि वाग्मती उपत्यकासम्मका तत्कालीन राज्यहरू हिन्दु वर्ण व्यवस्थाको जात व्यवस्थामा आधारित थिए। त्यसैले ती राज्यअन्तर्गतका भूमि क्षत्री, ब्राह्मण सामन्तहरूको अधिनमा थियो। क्षत्री राजाहरू सम्पूर्ण भूमिको भूमिपति मानिन्थे। सामन्तहरूबाहेक स्वतन्त्र क्षत्री र जनजाति किसान थिए। तर ती राज्यमा दलितलाई जमिन राख्ने अधिकार वर्ण व्यवस्थाले दिँदैनथ्यो। उनीहरू बिल्कुल बालीप्रथामा बाँच्नुपर्ने प्राविधिक शिल्पकार, सञ्चारकर्मी, कृषि श्रमिक र सङ्गीतकर्मीका रूपमा थिए (आहुति २०७२)। राज्य वा स्थानीय सामन्तले बसोबासका निम्ति दलितलाई अनुमति दिएको घडेरीमा त उनीहरू थिए तर अन्न उब्जाउने जमिन भने उनीहरूसँग थिएन। किनकि हिन्दु वर्ण व्यवस्थामुताविक दलितलाई सम्पत्तिको मालिक बन्ने अधिकार थिएन।

आजसम्मको इतिहासमा प्रमाणित हिमाली राज्य मुस्ताङ महायानी बौद्ध परम्परा रहेको पाइएकाले त्यहाँ वर्ण व्यवस्था जस्तो कुनै व्यवस्था थिएन। उब्जनी कम हुने क्षेत्र भएकाले सामन्तवादी राज्य त थियो तर त्यो आर्थिक शोषणभन्दा मूलतः परम्पराको निरन्तरता दिने सामन्ती राज्य नै बढी थियो भन्न सकिन्छ। अन्य हिमाली क्षेत्रमा सामन्तवादी राज्यको स्तरमा समाज पुगेको पाइएको छैन। जहाँ दलित जस्तो कुनै समुदाय पनि थिएन। त्यसैगरी वाग्मती उपत्यकावरिपरि रहेका २७ वटा तामाङ किपट राज्यहरू सानो आकारको सामन्तवादी ढाँचामा रहेको देखिन्छ र ती राज्यअन्तर्गत दलित समुदाय रहेको पाइएको छैन।

अनि दाङ र दाङबाट तराईतिर फैलिएको थारू समाज पनि सामन्तवादी थियो तर त्यसभित्र दलित थिएन। पाल्पा, तनहुँ, मकवानपुर, चौदण्डी र विजयपुर राज्यअन्तर्गत रहेका कपिलवस्तुदेखि मोरङसम्मको मधेसी समाज हिन्दु वर्ण व्यवस्थाको जात व्यवस्थामा आधारित थियो। त्यसैले त्यहा ब्राह्मण राजपुत सामन्तका रूपमा थिए। थारू जातिबाट पनि सामन्त थिए। अन्य वैश्यअन्तर्गतका जातहरू स्वतन्त्र किसान र जोताहा किसानका रूपमा थिए। ती राज्यमा पनि दलित समुदायलाई जमिन सम्पत्तिका रूपमा राख्ने अधिकार थिएन। झापा, मोरङ र सुनसरीमा रहेको कोच समुदाय सामन्तवादी समाजमा त पुगिसकेको थियो नै, उनीहरूभित्र वर्ण व्यवस्था नभएकाले दलित समुदाय पनि थिएन।

मकवानपुर, चौदण्डी र विजयपुर राज्य सेनवंशीय हिन्दु थिए। उनीहरू आफ्नो क्षेत्रको तराईदेखि पहाडको क्रमशः वल्लो किराँत, माझ किराँत र लिम्बुवान क्षेत्रमा शासन चलाउँथे। मकवानपुर, चौदण्डी र विजयपुर राज्यले आफूमातहतका किराँत र लिम्बु

राज्यहरूलाई स्वायत्तता दिएका थिए। उनीहरूअन्तर्गत तराई क्षेत्रमा भने कुनै राज्यको अस्तित्व पाइएको छैन। ती तीन राज्यले किराँत र लिम्बुवान साना राज्यहरूलाई स्वायत्तता दिए पनि सेनाको उच्च अधिकारीसम्म किराँत र लिम्बुलाई नियुक्त गरे पनि राजकाज र राज्यको नियम थिति लागु गर्न ब्राह्मणलाई वल्लो किराँत र माझ किराँतसम्म पुऱ्याएर बसोबास गराई राज्यको प्रतिनिधिका रूपमा क्रियाशील गराइसकेका थिए।

मकवानपुर, चौदण्डी र विजयपुरको सेनवंशीय राज्यले ब्राह्मणहरूलाई आफूअन्तर्गतका पहाडी क्षेत्रमा पुऱ्याइसकेको यथार्थले त्यहाँ सेवकमा दलित समुदायलाई पनि पुऱ्याइसकेका अनुमान गर्न सकिन्छ। त्यसो भएको भए पनि ती राज्यअन्तर्गतका किराँत र लिम्बु समाजमा दलितले जमिन राख्न पाउने कुनै व्यवस्था भने थिएन।

सामन्तवादी हिजोको समाजमा हरेक चिजको विनिमय अन्न र अन्न उब्जाउने जमिनमा हुने भएकाले आ-आफ्नो आस्थाको धर्मअनुसारको मन्दिर, गुठी र अनुष्ठानको व्यवस्थापन गर्न लाग्ने खर्चका लागि जमिनलाई आधारित गरेर व्यवस्था मिलाइन्थ्यो। त्यसैले त्यसबेला मन्दिर, मार्डौं, थान, बिहार, गुम्बा वा जे/जस्ता धार्मिक संस्था र तिनका अनुष्ठान सञ्चालन गर्न ती संस्थाका नाममा जमिन छुट्याइएको थियो। त्यसमा जोताहा जनजाति र वैश्यअन्तर्गतका जात हुन्थे। त्यसको उब्जनीमाथि भने तत्तत् जाति वा समुदायका पुजारी वा पण्डाको अधिकार रहन्थ्यो। ती सबै धार्मिक वा जातीय समुदायभित्र दलित पुजारी, पण्डा वा पुरेत थिएनन्। त्यसैले त्यसप्रकारको संस्थाको जमिनको स्वामित्वमा पनि दलित कतै थिएन। यस्ता धार्मिक संस्थाका जमिनको मोही अर्थात जोताहा किसानसमेत पनि अपवादका रूपमा बाहेक दलित कतै हुन पाएका देखिँदैन।

**३.२** राजा पृथ्वीनारायण शाहले गोरखा राज्य विस्तार गर्न सुरु गरी आजको नेपाल देशमा हिन्दु शाहवंशीय राज्य स्थापना भएपछि त स्वाभाविकरूपमा पूरै नेपालमा हिन्दु वर्ण व्यवस्थाको जात व्यवस्थाका आधारमा नीति, नियम र थिति लागु गर्ने सिलसिलामा चल्ने नै भयो। त्यस नीतिअनुसार राजा, राजपरिवार, राजाका पुरेत, सल्लाहकार, सेनाका अधिकृत, कर्मचारी र सेवकहरूका नाममा बिर्ता, जागिर, निगाह इत्यादिका नाममा जमिन बालात् बाँड्न थालियो चाहे त्यो जमिन जोकसैले खेतीयोग्य बनाएको होस्। यो सबै सामन्तवादी निगाह परम्परामा पनि दलित जमिन पाउन सक्नेभित्र परेनन् किनकि हिन्दु राज्यका अगाडि दलित सम्पत्ति राख्न योग्य नै थिएनन्। यसरी मूलतः जातमा आधारित स्वामित्व वि.सं. २००७ सम्म आधिकारिकरूपमै जारी रह्यो।

**३.३** वि.सं. २००७ को परिवर्तनपछि वि.सं. २०१६ सालमा बिर्ता उन्मूलन गरियो । तर त्यो 'क' वर्गको बिर्तामात्र उन्मूलनको विषय थियो । नेपालको भूमि व्यवस्थाको इतिहासमा त्यो 'क' वर्गको बिर्ता उन्मूलन क्रान्तिकारी कदम नै थियो । तर त्यसले दलित समुदायको जीवनमा खास प्रभाव पार्दैनथ्यो किनकि दलित त्यो बिर्ता जमिनको मोहीसमेत हुन पाएका थिएनन् ।

वि.सं. २०१७ पछि सुरु भएको निरङ्कुश राजतन्त्रात्मक पञ्चायत व्यवस्थाले वि.सं. २०२१ सालमा भूमि सुधार गर्ने नीति ल्यायो । हदबन्दी तोक्यो र ५ लाख हेक्टरभन्दा बढी जमिन राष्ट्रियकरण गर्ने लक्ष्य खुलासा गऱ्यो । तर भेरी नदीपारिका हलिया प्रथा र कमैया प्रथाका हलिया तथा कमैयालाई मोही स्वीकार नगरेर सामन्तहरूलाई जमिन लुकाउने पर्याप्त अवसर एवं उपाय दिएर गर्न खोजेको भूमि सुधारले आममोही किसानको जीवनमा खास प्रभाव पार्न सकेन । हदबन्दीभन्दा बढी रहेको जमिन पनि नगण्यमात्र हात पार्न सम्भव भयो । वि.सं. २०२१ को त्यस कदमले वाग्मती उपत्यकाका आममोही किसान र केही मोहीका रूपमा रहेका दलिततलाई सम्म चारखण्डको एक खण्ड जमिनको मालिक बनायो । त्यसबेलाको किसान आन्दोलनका कारण वाग्मती उपत्यकामा यो सम्भव हुन गयो । देशका अन्य भागमा त्यस भूमि सुधारले दलितको भूमि स्वामित्वमा केही पनि फेरबदल ल्याउन सकेन ।

राजा महेन्द्र नेतृत्वको राजतन्त्रात्मक निरङ्कुश पञ्चायत व्यवस्था केवल राजनीतिक व्यवस्थामात्र थिएन, बरु आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक जीवनमा समेत पहाडिया हिन्दु उच्च जातीय पुरुषप्रधान नेपाली समाज बनाउने अभियान थियो । त्यसैले त्यस व्यवस्थाले वि.सं. २०२१ सालमा पूर्व-पश्चिम राजमार्ग बनाउन सुरु गऱ्यो । त्यस्तो ठाउँमा सडकको नक्सा कोरियो जहाँ मधेसी परम्परागत घर वा बस्ती नै थिएनन् । तराईका पौराणिक तथा परम्परागत सहर तौलिहवा, लुम्बिनी, कृष्णनगर, भैरहवा, वीरगन्ज, जनकपुर, वयलवास, राजविराज, विराटनगरलगायतलाई नछुने गरी राजमार्ग बनाइयो ।

यो राजमार्ग यस्तो स्थानमा बनाइयो जहाँ मधेसीको बस्ती नभई केवल मधेसको जमिन थियो । तराईको परम्परागत हुलाकी राजमार्गसँग जोडिएको जमिनको अर्थतन्त्र पूर्व-पश्चिम राजमार्ग निर्माणपश्चात ध्वस्त भयो । पूर्व-पश्चिम राजमार्ग निर्माणको प्रक्रियासँगै वि.सं. २०२६ सालमा पञ्चायत सत्ताले पुनर्वास योजना अगाडि ल्यायो । यो पुनर्वास नामको योजना पहाडिया सत्ता नजिकका वा पहाडिया खसआर्य र जनजातिलाई मधेसमा ठूलो आकारमा बसोबास गराउने भित्री उद्देश्यमा आधारित थियो । त्यसैले यो तराईका मधेसी जनतामाथि राजा महेन्द्रीय राष्ट्रवादको कुरूप प्रयोग थियो ।

पुनर्वासको त्यो योजनाअन्तर्गत पञ्चायतका नेपाली पूर्वप्रहरीदेखि देशभित्रका मात्र होइन, खस नेपालीभाषी भारतीय र भुटानी परिवारलाई सम्म ल्याएर झापादेखि कञ्चनपुरसम्मको तराईको भूभागमा पूर्व-पश्चिम राजमार्गलाई मूल बसोबासको मियो क्षेत्र बनाएर पञ्चायतले स्थायी बसोबासको सिलसिला चलायो। कतै आदेशको भरमा तराईको बाँझो जमिन पहाडियाको हातमा, कतै जङ्गल जति फाँड्यो त्यति पहाडिया शासकको हातमा हुन पुग्यो। पञ्चायत व्यवस्थाले आफ्ना सरकारी अधिकारीलाई उपलब्ध गराएको सुविधासँगै पहाडका सबै जाति समुदायका जनता पनि सुगम तराई झर्न थाले। पहाडवादी निरङ्कुश राज्य व्यवस्थाको आडमा मधेस र भित्री मधेसका मधेसी र जनजातिको जमिन कानुनी वा जाल प्रपञ्चबाट समेत पहाडबाट झरेका खस आर्य र जनजातिले हत्याउन थाले।

कैलाली, दाङ, कञ्चनपुर, नवलपरासी, चितवन र सिन्धुलीमा थारू, माझी र दनुवार जाति यस प्रक्रियाको ठूलो सिकार बनेको यथार्थ छर्लङ्गै देखिन्छ। थारू, बोटे र चेपाङको चितवनमा आज उनीहरू अल्पसङ्ख्यकमात्र होइन, सबैभन्दा कमजोर अवस्थामा हुनु त्यस प्रक्रियाको ज्वलन्त प्रमाण हो। पञ्चायत व्यवस्थाको पुनर्वास षड्यन्त्रले कपिलवस्तु, बारा, पर्सादेखि सप्तरीसम्मको अवधी, थारू, बज्जिका, भोजपुरी, मैथली भाषिक तराईका बस्तीको मूल थातथलोलाई भने ध्वस्तै हुनेगरी अल्पमतमा पार्न सकेन किनकि जनसङ्ख्याका कारणले पनि पहाडियाको आप्रवासनबाट त्यो सम्भव थिएन। यसरी पञ्चायत व्यवस्थाले मधेसको भूमि स्वामित्वमा ठूलो फेरबदल ल्याउन भूमिका खेल्यो। तर पञ्चायतको यस नीतिबाट नगन्य मात्रामा भए पनि पहाडका दलितले फाइदा लिएको त देखिन्छ तर समग्र पहाड वा मधेसी दलितका निम्ति यो प्रकरण पनि फाइदाजनक भएन।

जमिनका सम्बन्धमा पञ्चायत व्यवस्थाले परापूर्वकालदेखि विभिन्न जाति वा समुदायले आवाद गरिआएको जमिन पञ्चायती व्यवस्थाका जनवर्गीय सङ्गठनका नाममा हडप्ने काम गर्‍यो। 'तारा गाउँ विकास समिति' लगायतका सङ्गठनको नाममा काठमाडौँदेखि देशभरिका महत्वपूर्ण स्थानमा भूमि कब्जा गरियो। त्यसैगरी औद्योगिक क्षेत्र, उद्योग र विश्वविद्यालय आदि स्थापनाका नाममा पनि हजारौँ बिघा जमिन भारतीय पुँजीपति, देशभित्रका दरबारिया र संस्थाहरूको नाममा हडप्ने काम गर्‍यो। पञ्चायत व्यवस्थाको यो हर्कतले पनि भूस्वामित्वको फेरबदलमा ठूलो भूमिका खेल्यो। पञ्चायतको यसप्रकारको रबैयाबाट पनि दलित समुदायलाई भूस्वामित्व सम्बन्धमा रत्तिभर फाइदा हुनै सकेन।

**३.४.** वि.सं. २०४६ को परिवर्तनसम्म पुग्दा नेपालमा सामन्त र दलाल पुँजीपति वर्ग समान हैसियतमा पुगेको अवस्था बन्यो। विश्वव्यापीरूपमा साम्राज्यवादी, उदारीकरण र

निजीकरणको नीति पनि तीव्ररूपमा लागु हुन सुरु भयो । त्यसपछि पञ्चायतले उद्योगका निम्ति भनेर जनताबाट बलात हडपेका जग्गा सरकारले व्यापारीलाई बेच्यो । सरकारको नामका जमिन देशी/विदेशी व्यापारीलाई कौडीको मोलमा भोगचलन गर्न दिन थालियो । राणा प्रधानमन्त्री जङ्गबहादुरको समयमा स्थापित पहिलो इलामको चिया उद्योगसहितका राज्यका मातहत सातवटा चिया बगान (जसमा हजारौँ रोपनी जमिन छ) छन् । त्यसलाई विदेशीको हातमा सुम्पिइयो । वि.सं. २०४६ को परिवर्तनपछिको साम्राज्यवादी उदारीकरण र निजीकरणको नीतिले नेपालको भूस्वामित्वलाई गम्भीर प्रभाव पारेको छ। तर यस्तो शोषक तथा शासकवर्गीय विश्वव्यापी योजनामा दलित समुदायको कुनै छेउमा पनि स्थान हुने कुरै भएन ।

नेपाली समाजमा विशेषतः २०४६ पछि सहरीकरण बढ्न थालेकाले सहर वा सहरीकरण हुने क्षेत्रको जमिन ठूलो व्यापारिक विषय बन्न पुगेको छ। र, यसबाट जमिन माफिया समूह नै उत्पन्न हुन पुगेको छ। जग्गा किनबेचको माल (ऋययमष्तथ) रहेकाले सरकारी अधिकारी र व्यापार सम्मिलित ठूलो माफिया समूह नेपालमा क्रियाशील छ। सहर र सहरीकरणसँग सम्बन्धित जमिनमाथिको व्यापारी क्रियाकलाप तथा माफियातन्त्र आजको नेपालको अर्थतन्त्रको गम्भीर एवं दुःखद यथार्थ बन्न पुगेको छ। तर यो प्रक्रियामा इतिहासदेखि भूमिहीन दलित समुदाय कतै पनि छैन ।

## ४. नेपालमा आमभूमिहीनताका कारण

नेपालमा खेतीयोग्य भूमि अभावका कारण भूमिहीनताको समस्या उत्पन्न भएको होइन (वैज्ञानिक भूमि सुधार उच्चस्तरीय आयोग २०६७) । बरु भूमिहीनतालाई समाधान गर्न चाहने राज्यको नीति नभएकाले यो समस्या रहँदै आएको हो । अर्थात भूमिहीनता र सुकुमवासीपन नेपालको भूमि सुधारको असफलताबाट उत्पन्न समस्या हो । नेपालमा आमभूमिहीनताका मूल कारण निम्न देखिन्छन् ः

### क. प्राकृतिक कारण

बाढी, पहिरो, डुबान, भूकम्प जस्ता प्राकृतिक प्रकोपमा परी खेतीयोग्य जमिन नष्ट हुँदा मानिस भूमिहीन हुन पुगेका छन् ।

## ख. राजनीतिक–सामाजिक कारण

राज्यद्वारा सर्वस्वहरण, अधिकरण, गाउँ निकाला, पारिवारिक झगडा वा विघटन, व्यक्तिद्वारा जालसाँझी आदि प्रक्रियाबाट पनि भूमिहीनताको समस्या आइपुगेका छन् ।

## ग. उत्पादनमा ह्रास

विशेषतः पहाडी भेग कन्दराका फोगटा भीर/पाखोको उत्पादनले जीविकोपार्जन असम्भव भएपछि त्यस ठाउँ छाड्नुपर्ने स्थिति उत्पन्न हुँदा भूमिहीनता उत्पन्न हुने गरेको छ ।

## घ. जनसङ्ख्या वृद्धि

परिवारमा सदस्य सङ्ख्या वृद्धि हुँदै अंशबन्डामा जमिन टुक्रिँदै जाँदा परिवारहरू स्वतः भूमिहीन हुन पुग्ने गरेका छन् ।

## ङ. सामन्य आर्थिक प्रक्रिया

समाजमा चलिरहेको निरन्तर आर्थिक प्रक्रियाअन्तर्गत ऋण लाग्दा तिर्न नसक्ने र भएको जमिन नै छाडेर हिँड्नुपर्ने अवस्थाले पनि भूमिहीनता जन्माउने गरेको छ ।

## च. छद्म भूमिहीनता

सेवा/सुविधा कम भएको ग्रामीण क्षेत्रबाट रोजगारी र सुविधाको खोजीमा सहरी क्षेत्रमा प्रवेश गर्ने जनसङ्ख्याको सानो हिस्साले बाहिर क्षेत्रका खाली जमिनमा अनधिकृत बसोबास सुरु गर्ने गरेको पाइन्छ जसलाई छद्म भूमिहीनता भन्न सकिन्छ ।

## छ. अपवाद

नेपालमा यस्ता समुदाय पनि छन् जसको भूमि र भूमिको उत्पादनसँग लगाव नै छैन । राउटे, नट जस्ता समुदाय स्थायी बसोबासमा रुचि नै राख्दैनन् । जसले गर्दा भूमिहीनता स्वतः बन्दै आयो । तर यसलाई अपवादका रूपमा बुझ्नु सही हुन्छ ।

यसप्रकार सबै समाजमा जस्तै नेपालमा पनि प्रस्तुत विभिन्न कारणले गर्दा जनताको एउटा हिस्सा भूमिहीनका रूपमा देखापर्दै आएको छ तर दलित भूमिहीनताको मूल कारण भने आमभूमिहीनताका कारणहरूभन्दा भिन्न र विशिष्ट छ ।

## ५. दलित भूमिहीनता : विशिष्ट ऐतिहासिक सवाल

**५.१** सबै समाजमा उत्पन्न हुन सक्ने भूमिहीनता भनेको निरन्तर चल्ने आर्थिक–सामाजिक प्रक्रियाभित्रकै हो । तर दलित भूमिहीनता भने हिन्दु वर्ण व्यवस्थाको जात प्रथाका कारण उत्पन्न भएको हो । हिन्दु वर्ण व्यवस्थाअनुसार दलितले सम्पत्तिका रूपमा केही पनि राख्न नपाउने गरी करिब ३ हजार वर्षदेखि राज्यले गरेको दमन र बहिष्करणका कारण दलितहरू भूमिहीन हुँदै आएका हुन् । त्यसैले दलित भूमिहीनता भनेको ऐतिहासिकरूपमा हिन्दु समाज वा हिन्दु राज्यद्वारा शासित समाजको विशिष्ट परिघटना हो ।

**५.२** यहाँ सवाल उठ्छ कि दलितलाई भूस्वामित्वको अधिकार नै थिएन भने आजका नेपाली दलितको एउटा हिस्सासँग थोरै भए पनि जमिन कसरी हुन पुग्यो त ? योचाहिँ वास्तवमा नेपाली समाजमा प्रवेश गरेको पुँजीवादका कारण सम्भव हुन गएको हो ।

एक, पश्चिम नेपाल, पूर्वी नेपाल र तराई क्षेत्रका दलितहरू मुगलहरूले भारतमा शासन गर्ने बेलादेखि भारतमा श्रम गर्न जाने गर्थे । मुगलहरूको शासन भएको ठाउँलाई मुग्लान भनिन्थ्यो । जब मुग्लान र नेपालमा पनि मुद्राको प्रचलन सुरुवात भयो, त्यसपछि ज्यालाका रूपमा दलितहरूले नेपालमा नगद लिएर आउन थाले । जबकि नेपालमा बालीप्रथा थियो । बालीप्रथाबाट लिएको बालीबाट जीविका हुन्थ्यो तर जमिन किन्न सम्भव नै थिएन । मुग्लान भारतबाट श्रमबापत नगद लिएर आउने परम्पराको परिणामस्वरूप केही दलितले खेतीयोग्य जमिन किनेर भोगचलन गर्न सम्भव बनायो ।

दुई, ब्रिटिस सेनामा लाहुरे हुने प्रक्रिया सुरु भएपछि लाहुरेहरूले देशमा नगद लिएर आउन थाले । लाहुरेहरू सुगम बजारतिर बसोबास गर्न थाले । धरान बुटवल, पोखरा, धनगढी जस्ता सहरहरूमा उनीहरू बढी केन्द्रित भए । लाहुरेहरू विदेशमा बस्दा नगद प्रणालीमा अभ्यस्त भएको र नयाँ बसोबास गरेको, पुरानो खेतीपाति नभएकाले सुनको काम गर्ने परम्परागत सुनारलाई गहना बनाएबापत ज्यालाका रूपमा नगद नै दिन थाले । यसरी कामी जातभित्रको सुनार खलकको सानो हिस्साले जमिन किन्ने सम्पत्ति जोड्न सम्भव भयो ।

तीन, नेपालमा बलीप्रथाबाट दलितमध्ये सार्की र वादी जात सबैभन्दा पहिले मुक्त हुने प्रक्रिया थालनी भयो । राजा पृथ्वीनारायणको गोरखा राज्य विस्तार अभियानले पश्चिमका साना राजाहरूको पतनसँगै ती साना राज्यअन्तर्गत रहेर छालाको काम गर्ने सार्की र नृत्यसँगै वाद्यवादनको काम गर्ने वादीहरूमाथि सङ्कट थपियो । त्यसपछि सार्कीहरूको झुण्ड नगदमा काम हुने सहरबजारतिर पनि केन्द्रित हुन थाल्यो । यही क्रममा धरान, पोखरा

र काठमाडौँमा सार्कीहरूको अलि ठूलो सङ्ख्या केन्द्रित हुन पुग्यो । ती बजारमा नगदमा जुत्ताका काम हुने हुनाले सम्पत्ति बचतसमेत हुने अवस्था आयो । र, यसैबाट केही जमिन उनीहरूले जोडे । त्यसैगरी काठमाडौँका दलितहरूले मोही किसान बन्ने अवसर पनि पाएका थिए । उनीहरूले चाहिँ मोहीयानी हकका रूपमा २०२१ पछि जमिन प्राप्त गरे ।

चार, पहाडमा होस् या तराईमा, दलित नभई समाज नचल्ने अवस्था भएको हुनाले उनीहरूलाई बसोबासका निम्ति समाजले नै व्यवस्था गर्नै पर्थ्यो । त्यसैले पहाडमा छाप्रो नजिकै सानोतिनो बारी उनीहरूले भोग्ने नै भए । त्यसैगरी तराईमा सानो टुक्रा जमिन घरसँग दलितले भोग्ने नै भए । तराईमा मुसहर, डोल, हलखोर जस्ता जातलाई अत्यन्तै कमसल अर्थात फालिएको जमिनमा बसोबास गर्न बाध्य पारिएकाले आज उनीहरूचाहिँ बसोबासको समेत कहालीलाग्दो सङ्कटमा रहन पुगेका छन् ।

यसप्रकार के स्पष्ट देखिन्छ भने आज केही हिस्सासँग जमिन छ, त्यो राज्यले व्यवस्था गरेर दिएको होइन, बरु राज्यले रोक्न नसकेर दलितहरूको हातमा आइपुगेको हो । राज्यले दलित भूमिहीनतालाई विगतमा कहिले पनि सम्बोधन नै गर्न चाहेन । वि.सं. २००८ सालदेखि भूमि आयोगहरू बन्न सुरु गरे । तर इतिहासदेखि कहिले भूमि अधिकार नपाएका दलितहरूलाई भूमि दिने प्रश्न विशिष्टरूपमा आयोगहरूले सिफारिस नै गरेनन् ।

**५.३** यसप्रकार दलित भूमिहीनता आम भूमिहीनताभन्दा बिल्कुल पृथक ऐतिहासिक उत्पीडन र बहिष्करणसँग सम्बन्धित मुद्दा हो । ऐतिहासिक उत्पीडन घोषितरूपमा राज्यले गर्दै आएको हुनाले त्यसको क्षतिपूर्ति दिएर न्याय गर्ने सवाल हो । यही यथार्थको कारणले गर्दा नेपालको संविधान (२०७२) मा दलित भूमिहीनतालाई अन्त्य गर्न विशिष्टरूपमा अलग व्यवस्था गरिएको कुरा सहजै बुझ्न सकिन्छ ।

तसर्थ, आज नेपालको संविधान बनेर कार्यान्वयनको प्रक्रिया तीव्र भएको अवस्थामा संविधानले सुनिश्चित गरेको व्यवस्था लागु गरेर दलित भूमिहीनता अन्त्य गर्नेतिर लाग्नु भनेको नेपाली समग्र समाजलाई प्रगतितिर फड्को हान्नु हो । यो अवसर नेपालको राज्यसँग आज ऐतिहासिकरूपमा उपस्थित छ । तर त्यसो गर्न त्यति उत्साह प्रकट भएको अनुभूति भने भइरहेको छैन । त्यसैले छिटोभन्दा छिटो कानुन बनाउन, कानुन बनाउँदा दलितलाई जीविकोपार्जन गर्न पुग्ने जमिन दिने संविधानको भावनालाई तोडमोड नगर्न, कानुन लागु गरी दलित भूमिहीनता एवं आवासहीनता अन्त्य गर्न राज्यलाई चारैतिरबाट घच्घच्याउन दबाब सृष्टि गर्नु आजको अनिवार्य आवश्यकता बन्न पुगेको छ ।

## सिफारिस

(क) संविधानको धारा ४० को उपधारा (५) बमोजिम राज्यले भूमिहीन दलितलाई एकपटक जमिन उपलब्ध गराउने र उपधारा (६) मा राज्यले आवासबिहीन दलितलाई कानुनबमोजिम बसोबासको व्यवस्था गर्ने उल्लेख छ। यसो हुँदा उपधारा (५) बमोजिम राज्यले भूमिहीन दलितलाई जमिन उपलब्ध गराउने र (६) आवासबिहीन दलितलाई कानुनबमोजिम बसोबासको व्यवस्था गर्ने भन्ने उपधारा सम्बन्धमा छुट्टाछुट्टै ऐन बनाउने ।

(ख) भूमिहीनको परिभाषा गर्दा आफ्नो जमिनको उत्पादनले ३ महिनाभन्दा कम खान पुग्ने परिवारलाई हुनेगरी परिभाषित गर्ने ।

(ग) दलित भूमिहीनलाई जमिन उपलब्ध गराउँदा कम्तीमा हिमालमा २० रोपनी, पहाडमा १० रोपनी र तराईमा ५ कट्ठा उपलब्ध गराउने । यसरी जमिन उपलब्ध गराउँदा पति र पत्नी भएको परिवारलाई संयुक्त पुर्जा उपलब्ध गराउने ।

(घ) दलित भूमिहीनले जोतभोग गरिरहेको निजी, सरकारी वा दर्ता हुन बाँकी जग्गा सुरक्षित भएमा उनीहरूकै नाममा दर्ता गर्ने ।

(ङ) हलिया, हरवा, चरवालाई राज्यले मोही घोषणा गरी उनीहरूलाई जोतिरहेको जग्गामा निश्चित हिस्सा पाउने व्यवस्था गर्ने ।

(च) स्थानीय तहमा सबै दलित महिला सदस्यको अनिवार्य सहभागिता हुनेगरी समिति बनाउने । समितिले दलित भूमिहीनको लगत तयार पार्ने, आवश्यक जग्गा खोजी गरी लगत तयार पार्ने र वितरणका लागि पालिकालाई सिफारिस गर्ने ।

(छ) हरेक स्थानीय तहले तयार भएको दलित भूमिहीनको लगत कार्यपालिकाबाट अनुमोदन गर्ने । जग्गा वितरण कार्यको अगुवाइ पनि स्थानीय सरकारले नै गर्ने ।

## सन्दर्भ सामग्री


१. नेपालको संविधान (२०७२)

२. भूमिमा दलित स्वामित्व : एक अध्ययन प्रतिवेदन २०६० आत्मनिर्भर विकास मञ्च, काठमाडौँ

३. दलित जाति र गरिबी : २०५७, प्राची पत्रिका, साउन, शिव शर्मा, छापामा 'दलित' मा उद्धृत

४. सामाजिक समावेशीकरण सर्वेक्षण सन् २०१२, त्रिभुवन विश्वविद्यालय, योगेन्द्र गुरुङ, सुवाल सिंह, तामाङ

५. नेपाल निरूपन : ज्ञानमणि नेपाल

६. आधुनिक बिष्टहरू....आहुति, कान्तिपुर २०७२

७. वैज्ञानिक भूमि सुधारसम्बन्धी आयोग २०६६ को प्रतिवेदन २०६७

८. सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको विभिन्न समयमा प्रकाशित भूमिअधिकार त्रैमासिक पत्रिका

